# सिसम-२ अपडेट

विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना (सिसम-२)

बैशाख, २०७३, अङ्क-७

## यस अङ्क भित्र

*पेज १.* *उचित व्यवस्थापनले गुणस्तरीय शिक्षाको पहुँचमा सघाउँछ !*

*पेज २-३.* *वार्षिक विसुयो अद्यावधिक सम्बन्धी क्षेत्रीयस्तरीय प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी: एक जानकारी !*

*पेज ४.* *जिल्लास्तरीय अभिमुखीकरणको संयुक्त अनुगमन !*

*पेज ४.* *सिसम२ को मद्यावधि समीक्षा !*





## *उचित व्यवस्थापनले गुणस्तरीय शिक्षाको पहुँचमा सघाउँछ !*



खगराज बराल
महा निर्देशक
शिक्षा विभाग

शिक्षाले व्यवस्थापन सुधारका लागि ज्ञान, सिप र प्रवृत्तिको विकास गर्दछ । शिक्षा ज्ञानको स्रोत हो । यही ज्ञान मार्फत् सिप र प्रवृत्तिको विकास हुन्छ । शिक्षाले व्यवस्थापन सुधारका लागि योगदान गरे पनि गुणस्तरीय शिक्षाका लागि व्यवस्थापनमा सुधार आवश्यक छ । एकजना कुशल व्यवस्थापकले नै शिक्षाको गुणस्तरमा पर्याप्त परिवर्तन गर्न सक्छन् । शैक्षिक व्यवस्थापकमा गुणयुक्त क्षमतावान् व्यक्तिको चयन गर्न सकेमा विद्यालय शिक्षाको पहुँच र सान्दर्भिकता, गुणस्तर र समता तथा संस्थागत क्षमतामा उल्लेखनीय सुधार गर्न सकिन्छ ।

विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना (सिसम२) ले विद्यालय व्यवस्थापनको समग्र सुधारमा प्रोत्साहित गर्दै आइरहेको छ । परियोजनाले केन्द्रदेखि क्षेत्रीय, जिल्ला, स्रोतकेन्द्र र विद्यालय तहसम्मका विद्यालय शिक्षाको व्यवस्थापनसँग संलग्न व्यक्तिहरूको क्षमता विकासका लागि प्रशिक्षक प्रशिक्षण र पुनर्ताजगी तालिम शृङ्खलाबद्ध ढाँचामा सञ्चालन गर्दै आइरहेको छ । तालिमको लागि आवश्यक अध्ययन र स्रोत सामग्रीहरू विकास गरिएका छन् ।

२०७२ साल वैशाख १२ गतेको भूकम्प, १३ र २९ गतेका ठुला परकम्पलगायत थुप्रै पराकम्पका कारण नेपाली जनजीवन र विद्यालयको पठनपाठनमा बाधा उत्पन्न भएको थियो । काठमाडौं जिल्ला लगायत १४ जिल्लाका अधिकांश विद्यालय भवन ध्वस्त भएको, बाँकी जिल्लाहरूमा पनि विद्यालयको भौतिक संरचनामा असर परेको अवस्थामा नेपालको संकटमा सहयोग गर्ने विकास साझेदार र दातृ निकायहरूबाट नेपालको विद्यालय शिक्षामा महत्वपूर्ण सहयोग मिलेको छ । सिसम२ परियोजनाले विपद् व्यवस्थापनका सम्बन्धमा सिन्धुली, रामेछाप र ओखलढुङ्गा जिल्लाका विद्यालयका शिक्षकका लागि शिक्षक निर्देशिका, पाठ्यक्रम तथा उपस्थिति रजिष्टर, शैक्षिक सामग्री अन्तर्गत सेतोपाटी, पुरक सन्दर्भ सामग्री, बालमैत्री पोस्टरलगायतका सामग्री वितरण गरी विद्यालय तहबाट अभिभावक र समुदायमा विपद् सम्बन्धी सूचनाको प्रवाह, विपद्बाट जोगिने उपाय, विपद् आउनु पूर्व गर्नु पर्ने तयारीलगायतका विपद् व्यवस्थापनसम्बन्धी उल्लेखनीय योगदान दिएको छ । परियोजना कार्यान्वयन अवधिमा जुरेको पहिरो र गोरखा भूकम्प जस्ता त्रासदीपूर्ण विपद् आइपरेको र सिसम २ को विपद् सम्बन्धी विद्यालय मार्फत् जनचेतनाले केही हदसम्म जोखिम न्यूनीकरणमा सहयोग मिलेको आभाष भएको छ ।

यस वर्ष विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना (सिसम२) को मद्यावधि मुल्याङ्कनसमेत भइरहेको हुँदा मूल्याङ्कनबाट प्राप्त नतिजा र सुझावले परियोजनाका बाँकी अवधिमा गर्नु पर्ने सुधार, परियोजनाको सान्दर्भिकता, कार्यदक्षता, दिगोपना आदिमा थप उपलब्धि हासिल गर्न सहयोग मिल्ने विश्वास गर्न सकिन्छ ।

परियोजनाको पहिलो चरणमा सघन रूपमा २ जिल्लामा सिमित रहेको कार्यक्रम दोस्रो चरणमा ५ जिल्लामा सघन रूपमा सञ्चालन भई देशका ७५ जिल्लालाईसमेत समेटेको छ । यसबाट विद्यालय सुधार योजनामार्फत विद्यालय व्यवस्थापनमा सुधार गर्ने परियोजनाका लक्ष्यमा अपेक्षित काम भएको पाइन्छ । परियोजनाको बाँकी अवधिमा आवश्यक सुधार तथा परिमार्जन गर्दै लक्षित उद्देश्य हासिल गर्न परियोजना सफल हुने विश्वास गरिएको छ । नेपालका सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन सुधार गरेर नै गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन सकिन्छ । यसको अर्को विकल्प छैन ।

# वार्षिक विसुयोको अद्यावधिक गर्ने सम्बन्धी क्षेत्रीयस्तरीय प्रशिक्षक प्रशिक्षण पुनर्ताजगीः एक जानकारी

बालकृष्ण चापागाईं
उप-निर्देशक
मध्य माञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय



क्षेत्रीय स्तरीय विसुयोको वार्षिक अद्यावधिकका पुनर्ताजगीका सहभागीहरू।

विद्यालय सुधार योजना (विसुयो) विद्यालयको व्यवस्थापनमा सुधार एवम् विद्यार्थीहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्न विद्यालय स्तरमा अवलम्बन गरिने योजना तर्जुमा प्रक्रिया हो जसले सबैलाई सुलभ र गुणस्तरीय शिक्षाको पहुँचमा सघाउँछ । विसुयो विद्यालयको शिक्षण तथा व्यवस्थापनमा शिक्षा कार्यालयबाट उपलब्ध गराइने स्रोत प्राप्त गर्न आवश्यक नीतिगत दस्तावेजका रूपमा पनि लिन सकिन्छ । यस सिसम२ परियोजनाले विसुयो निर्माण एवम् अद्यावधिकका लागि तहगत (Cacecade) तालिमको माध्यमबाट सरोकारवालाहरूको क्षमता अभिवृद्धिमा प्राविधिक सहयोग उपलब्ध गराउँदै आइरहेको थियो । यसै सन्दर्भमा शिक्षा विभागको सिसम२ परियोजनाको सहयोगमा यही पुष २३-२४ गते दुई दिने क्षेत्रीयस्तरीय विसुयो वार्षिक अद्यावधिक विषयक पुनर्ताजगी तालिम सञ्चालन गरिएको थियो जसमा मध्य माञ्चल विकास क्षेत्रका १८ जिल्लाका जम्मा ३८ जना सहभागीहरूको सहभागिता रहेको थियो । उक्त तालिममा सहभागीहरूलाई विपद जोखिम न्यूनीकरणका विषयहरू सहितको विसुयोको दोश्रो वर्षको योजना अद्यावधिक गर्नका लागि आवश्यक सिपको अभिबृद्धि गर्नुका साथै आ-आफ्ना जिल्लामा सञ्चालन गरिने जिल्लास्तरीय अभिमुखीकरण र अनुगमन कार्यक्रम बारे के कस्ता भूमिका निर्वाह गर्नु पर्ने हो त्यसको समेत जानकारी गराइएको थियो ।

यस तालिमको संक्षिप्त जानकारी दिनु हुँदै मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयका उप-निर्देशक श्री बालकृष्ण चापागाईंले उद्घाटन सत्रको सञ्चालन गर्नु भएको थियो । सिसम२ परियोजनाका प्रमुख श्री कोजी सातोले सहभागीहरूलाई स्वागत गर्नुहुँदै यस तालिमले सहभागीहरूमा प्राकृतिक प्रकोप जस्ता असहज परिस्थितिको वावजुद पनि विद्यार्थीहरूको सिकाइ उपलब्धि केन्द्रित विसुयो वार्षिक अद्यावधिक गर्न क्षमतावान हुने धारणा व्यक्त गर्नु भएको थियो । शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशक श्री सूर्यप्रसाद गौतमले तालिमका सहभागीहरूले एक आपसमा शैक्षिक विकासका उपलब्धि र सवालहरूको अन्तरक्रिया र छलफलहरू गर्ने अवसर उपलब्ध गराएको र यसबाट प्राप्त निचोडले अन्ततः विसुयोको विकासका आवश्यक राष्ट्रिय नीति र रणनीति निर्माणमा सघाउने भनाई राख्नु भएको थियो । शिक्षा विभागका महानिर्देशक श्री खगराज बरालले विसुयोमा विनासकारी प्राकृतिक प्रकोप जोखिम न्यूनीकरणका सवालहरूलाई समेत समाहित गरी विभिन्न प्रकारका तालिम, कार्यशाला, अभिमुखीकरणको माध्यमबाट सरोकारवालाहरूको सशक्तीकरण गर्दै निर्मित विसुयोले विपद्बाट सिर्जित असहज अवस्थामा पनि सबैलाई गुणस्तरीय शिक्षाको पहुँचमा सघाउने धारणा व्यक्त गर्नु भयो । यस सत्रको समापन गर्ने क्रममा मध्य माञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको निर्देशक श्री कृष्णप्रसाद काप्रीले विपद् जोखिम न्यूनीकरणका सवालहरूलाई पनि समेटी विसुयोको निर्माणको आवश्यकता माथि प्रकाश पार्नु भएको थियो । उहाँले जिल्ला र स्रोतकेन्द्रस्तरीय अभिमुखीकरणका सहभागी प्रधानाध्यापक र सरोकारवालाहरूको अग्रगामी सोचसहितको भेला र छलफलबाट प्राप्त सुझाव एवम् निष्कर्षलाई सम्बोधन गरी तयार गरिएको विपद् व्यवस्थापनका गतिविधिसहित विसुयोको कार्यान्वयन र अनुगमनमा शिक्षा कार्यालयले आवश्यक सहयोग गर्नु पर्ने धारणा व्यक्त गर्नु भएको थियो ।

**पहिलो दिनः समीक्षा र विपद् जोखिम न्यूनीकरणको अभिमुखीकरणः**

कार्यक्रमको पहिलो प्राविधिक सत्रमा तालिमका सहभागीहरूलाई उपलब्ध गराइएको विसुयो अद्यावधिकका लागि सहयोगी तालिम पुस्तिकाको स्वःअध्ययन पश्चात सहभागीहरूको सक्रिय सहभागितामा विसुयो सहयोगी-पुस्तिकाको समीक्षा गरी विसुयोका अवधारणा, विषय सूची तथा प्रक्रियाहरूका ज्ञान र सीपका विषयमा आवश्यक जानकारी हासिल गरियो । विपद् जोखिम न्यूनीकरणका सवालमा राष्ट्रिय शैक्षिक नीति तथा कार्यक्रमहरूका सहभागीहरूलाई अवगत गराइएको थियो । कार्यक्रमका सहभागीहरूले आ-आफ्ना गाउँठाउँमा गत बैशाखमा विनासकारी 'गोरखा' भूकम्पले पुर्‍याएको क्षति र राहत कार्यको अनुभव आदान प्रदान गर्नु भएको थियो । यस्ता अनुभवलाई विश्लेषण गरी विपद् जोखिम न्यूनीकरणका सवालहरूमा यथेष्ट जानकारी प्राप्त गरी ति सवालहरूलाई कसरी प्रभावकारी ढङ्गबाट विसुयोमा समाहित गर्ने भन्ने विषयमा सहभागीहरूले व्यापक छलफलका साथ एक ठोस विसुयो निर्माण गर्नु पर्ने महसुस गरेका थिए ।

**दोस्रो दिनः विद्यालयको अवलोकन भ्रमण र अन्तरक्रियाः**

यस कार्यक्रमको दोस्रो दिन विद्यालयको अवस्थाको अध्ययन गर्न सहभागीहरूलाई तिन समूहमा विभाजित गरी विद्यालयको शिक्षक, विद्यालय व्यवस्थापन समिति र अन्य सरोकारवालाहरूसँग विसुयो निर्माण एवम् विपद् जोखिम न्यूनीकरणका सलावहरूमा अन्तरक्रिया गर्न विद्यालयको भ्रमण गरिएको थियो । त्यसपछि सहभागीहरू विद्यालयका कक्षाकोठा र विद्यालय परिसरको विपद् जोखिमको दृष्टिकोणले सुरक्षित तथा असुरक्षित ठाउँको पहिचानसहित अवलोकन भ्रमण गरी विस्तृत छलफलको लागि तालिम स्थलमा फर्के । यस तालिमबाट सबै सहभागीहरूले जिल्लामा सञ्चालन गरिने विसुयोको बार्षिक अद्यावधिकका थप व्यवहारिक र विपद् व्यवस्थापनका विषयमा आवश्यक ज्ञान र सीप जानकारी उपलब्ध गराउन सफल भएको महसुस गरेका थिए ।



विद्यालयको सुरक्षित स्थानहरूको पहिचान गर्दै सहभागीहरू।

# वार्षिक विसुयोको अद्‌यावधिक सम्बन्धी क्षेत्रीयस्तरीय प्रशिक्षक प्रशिक्षण पुनर्ताजगीः एक जानकारी !

लक्ष्मण गिरी
शाखा अधिकृत
सुदूर पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय

विद्‌यालय सुधार योजना अद्‌यावधिक गर्ने सम्बन्धमा सुदूर पश्चिमाञ्चल क्षेत्रीयस्तरीय कार्यशाला सु.प.का नौवटै जिल्ला शिक्षा कार्यालयका योजना तथा कार्यक्रम शाखा प्रमुख, विद्‌यालय सुधार योजनाको समन्वय गर्ने सम्पर्क अधिकृत, विद्‌यालय निरीक्षक, स्रोतव्यक्ति, एव्‌म क्षेत्रीय शिक्षा निर्देशनालयका अधिकृत गरी जम्मा १९ जनाको सहभागितामा यही २०७२ साल माघ महिनाको १७ र १८ गते कैलालीको धनगढीमा अवस्थित "देव तालिम केन्द्र" मा दुई दिनको विसुयोको बार्षिक अद्‌यावधिक विषयक पुनर्ताजगी तालिम सम्पन्न भएको थियो । यस तालिमले जिल्लामा कार्यरत कर्मचारीहरूलाई समुदायमा आधारित विद्‌यालय व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्नमा सघाउने ध्येय राखेको छ ।


सहजकर्ताले विपद् व्यवस्थापनका अवधारणको जनाकारी गर्दै

### १) कार्यशालाको उद्‌देश्यः

- जिल्लाका खास गरी योजना शाखाका कर्मचारी र विद्‌यालय निरीक्षकलाई लक्षित गरी विसुयोको बार्षिक अध्यावधिक गर्ने विषयमा जिल्लास्तरीय अभिमुखीकरणमा सघाई र सहजीकरण सिपको विकास गर्ने ।
- स्रोतकेन्द्रस्तरीय अभिमुखीकरण तथा अनुगमन कार्य र विद्‌यालयस्तरीय कार्यशाला सञ्चालनका लागि शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयका अधिकृतहरूको क्षमता अभिबृद्‌धि गर्ने ।
- सहभागीहरूलाई विपद् जोखिम न्यूनीकरणका सवाल, प्राविधिक ज्ञान र सीपहरूलाई पनि विसुयो निर्माण गर्दा कसरी एकीकृत गर्दै लैजाने भन्ने विषयमा पनि छलफल गर्ने ।

### २) कार्यशाला सञ्चालनमा भएका कियाकलापहरूः

क) पहिलो दिन

क्षेत्रीय शिक्षा निर्देशक श्री प्रमोदकुमार शाहको अध्यक्षतामा भएको उद्‌घाटन समारोहमा सहभागीहरूको परिचयपश्चात निर्देशकले तालिम कार्यक्रमको औचित्य माथि प्रकाश पर्नु भएको थियो । सामग्री वितरणका साथै यस अभिमुखीकरण कार्यक्रम र व्यवस्थापनको जानकारी साथै क्षेत्रीय शिक्षा निर्देशनालयका शाखा अधिकृत श्री लक्ष्मण गिरीले उद्‌घाटन सत्र सञ्चालन गर्नु भएको थियो । तत्पश्चात, गत बर्ष जिल्लामा विद्‌यालय सुधार योजना निर्माण सम्बन्धी सञ्चालन भएका जिल्ला, स्रोतकेन्द्रस्तरीय प्रशिक्षक प्रशिक्षण र विद्‌यालय स्तरीय कार्यशाला गोष्ठीमा सरोकारवाला र समुदायको के कस्तो सहभागिता रहेको थियो, यसको परिणाम र अनुभव, सिकाइ सम्बन्धमा सहभागीहरूले व्यक्तिगत रूपमा मेटाकार्डमा लेखेर अनुभव आदान प्रदान गर्नु भएको थियो । जिल्ला र स्रोतकेन्द्रस्तरीय अभिमुखीकरणका लागि वितरित तालिम सामग्रीको प्रयोग बारे व्यापक छलफलका साथ प्रस्तुतीकरण गरिएको थियो । यस बाहेक सहभागीहरूलाई सामाजिक परीक्षण निर्देशिकाको अवधारणा, आवश्यकता र सञ्चालन विधि बारे पनि जानकारी गराइएको थियो ।

ख) दोस्रो दिन

यस दिन बोराडाडीको श्री त्रिभुवन र धनगढीको श्री पञ्चोदय गरी दुई उच्च माध्यमिक विद्‌यालय अवलोकन भ्रमण गर्न सहभागीहरूलाई दुइवटा समूहमा विभाजित गरियो । ति दुई विद्‌यालयको SIP निर्माणको अवस्था, कार्यान्वयनका साथै विपद् जोखिम न्यूनीकरण सम्बन्धी विद्‌यालयको अवस्था र तयारीको अध्ययन गर्न विद्‌यालय व्यवस्थापन समिति (विव्यस) एव्‌म शिक्षक अभिभावक सङ्घ (शिअसं) का पदाधिकारी, अभिभावक र शिक्षकहरूको सहभागितामा आवश्यक छलफल गरियो । त्यसै गरी विपद जोखिमको दृष्टिकोणले सुरक्षित र असुरक्षित स्थानको पहिचान गर्न सहभागीहरूले विद्‌यालय परिसर र कक्षाकोठाहरूको अवलोकन भ्रमण पनि गरेका थिए । दुबै विद्‌यालयको भ्रमणमा खटिएका सहभागीहरू कार्यक्रम सञ्चालन स्थल "देव तालिम केन्द्र"मा फर्केर विद्‌यालय भ्रमणमा देखिएको अवस्थाको व्यापक छलफल पश्चात प्रस्तुत गरेका थिए । नौवटै जिल्लामा गत बर्ष विद्‌यालय सुधार योजना निर्माण सम्बन्धी सम्पूर्ण गतिबिधि सञ्चालन गर्दाका जिल्लागत अनुभवको आदान प्रदानका राम्रा अभ्यासहरूको अनुकरण गर्ने अवसर सहभगीहरूलाई प्राप्त भयो । विद्‌यालय सुधार योजना अद्‌यावधिक गर्ने सम्बन्धमा सहभागीहरूको क्षमता अभिबृद्‌धि भएको र विद्‌यार्थिहरूको सिकाइ उपलब्धि बढाउनमा विसुयोको महत्त्वपूर्ण भूमिकाको औचित्य महसुस गरे । विविध खालका प्राकृतिक प्रकोपहरूबाट बच्न पूर्व तयारी स्वरूप विद्‌यालयले गर्नु पर्ने कार्यहरू विद्‌यालय सुधार योजनामा समावेश गर्ने र विद्‌यालयको संरचना निर्माणलगायत विद्‌यार्थीहरूलाई अभिमुखीकरण गर्ने सम्बन्धी कियाकलाप SIP मा राख्नु पर्ने सम्बन्धी जानकारी प्राप्त गरेका थिए ।


बोराडाडीको श्री त्रिभुवन उमा विद्‌यालयका विद्‌यार्थीहरू

## *जिल्लास्तरीय अभिमुखीकरणको संयुक्त अनुगमन !*

कपिलवस्तु र संखुवासभाका जिल्ला शिक्षा कार्यालयहरूमा नियमित बैठकका समयमा सञ्चालन गरिएको “वार्षिक विसुयो अद्यावधिक सम्बन्धी जिल्ला अभिमुखीकरण” को शिक्षा विभाग/शैक्षिक जनशक्ति विकास केन्द्र/पाठ्यक्रम विकास केन्द्र, क्षेत्रीय शिक्षा निर्देशनालय र सिसम२ परियोजनाद्वारा संयुक्त अनुगमन गरिएको थियो । कपिलवस्तु र संखुवासभा जिल्लाहरूमा क्रमश २०७२ फागुनको २ र ८ गते सम्पन्न उक्त कार्यक्रमहरूको सहजीकरण क्षेत्रीय स्तरीय विसुयोको वार्षिक अद्यावधिक सम्बन्धी प्रशिक्षक प्रशिक्षणको पुनर्ताजगीका सहभागीहरूले गर्नु भएको थियो । कार्यक्रममा जिशिकाका सहायक जिल्ला शिक्षा अधिकारी, शाखा अधिकृत, विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा अन्यहरू गरी कपिलवस्तु जिल्लामा जम्मा १७ जना र संखुवासभामा २० जना सहभागीहरूको उपस्थिति रहेको थियो ।



*शैक्षिक सामग्रीका साथ गन्तव्य स्थानमा जाँदै स्रोत व्यक्तिहरू ।*

**संखुवासभामा सञ्चालित कार्यकममा देखिएका केही तथ्यहरू:**

**क) प्राविधिक सत्र र सहजीकरण:**

यस कार्यकमका सजहकर्ताहरूले विभिन्न मेटाकार्ड, न्यूजप्रिन्ट जस्ता सामग्रीहरूको प्रयोग गरी सहभागीहरूको सक्रिय सहभागिता जुटाई अभिमुखीकरण कार्यकम सञ्चालन गर्न सक्षम भएका थिए भने सहजकर्ताहरूले तालिमका विषय वस्तु, मार्गदर्शन-२ को संक्षिप्त जानकारी र सामग्रीहरू बारे सहभागीहरूलाई राम्ररी बुझाई सहभागीहरूको प्रश्नहरूमा उचित जवाफका साथ अभिमुखीकरण कार्यकम सञ्चालन गरेका थिए । सत्र सञ्चालनको लागि सहभागीहरूले राम्रो तयारी गर्नुका साथै सत्रहरू बिचको विषयबस्तुको राम्रो अन्तरसम्बन्ध कायम गर्न सफल भएका थिए । सहजकर्ताहरूले सहभागीहरूको व्यापक छलफल र सहभागितामा सत्र सञ्चालन गरेका थिए भने विसुयोमा उल्लेखित विषय वस्तु र सन्देश दिन सक्षम भएका थिए । तथापि अभिमुखीकरणका कुनै सत्र सञ्चालनमा कार्य सञ्चालन मार्गदर्शन-२ अनुसार समयको व्यवस्थापन गर्न नसकिएको पाइयो ।

**ख) सहभागी, सहभागिता र बुझाइ:**

यस कार्यकमका सहभागीहरू सबै ठिक ११ बजे तालिम कक्षमा उपस्थित भएका थिए भने उनीहरूले विपद् व्यवस्थापन एवम् तालिमका विषय वस्तु र सामग्रीहरू बारे राम्रो जानकारी हासिल गर्न सकेका थिए । यद्यपि प्रायजसो सहभागीहरूले सैद्धान्तिक कक्षाहरूकै अनुपातमा व्यवहारिक कक्षाका साथै भूकम्प, बाढी पहिरो, आगलागी जस्ता विपद्का पूर्व तयारीका विषयहरूमा अभ्यास पनि सँगसँगै गर्दै जान पाएको भए प्रभावकारी हुने सुझाव दिएका थिए ।

**ग) कार्यकमको व्यवस्थापन:**

यस कार्यकममा जिल्ला शिक्षा अधिकारीले सक्रिय सहभागिता जनाउनुका साथै छलफल तथा अन्तरक्रियाहरूमा उठेका सवाल र जिज्ञासाहरूको उचित जवाफसमेत दिनु भएको थियो । यसको अलावा स्रोतव्यक्तिहरूले विपद् व्यवस्थापनका सवालहरूलाई स्रोतकेन्द्रको नियमित कार्यकमसँगै समाहित गर्दै लैजान पनि अनुरोध गर्नु भएको थियो । अभिमुखीकरण कार्यकमको लागि आवश्यक तालिम सामग्रीहरूको विस्तृत जानकारीसहित स्रोतकेन्द्रस्तरीय एवम् विद्यालयस्तरीय विसुयो अद्यावधिकका लागि आवश्यक तालिम सामग्रीहरू सहभागीहरूलाई वितरण गरिएको थियो । यी कार्यक्रमहरू बार्षिक नियमित कार्यकम भएको र उपलब्ध बजेटबाटै व्यवस्था गरिने हुँदा सबै स्रोतव्यक्तिहरूले विना विवाद ति सामग्रीहरू जिल्लाबाट आ-आफ्ना स्रोतकेन्द्रहरूमा लग्दै गरेको पाइयो । यस जिल्लाका शिक्षा अधिकारीले स्रोतकेन्द्र स्तरीय व्यवस्थापनको बजेटको निरन्तरताका बारेमा भएका पछिल्ला अवस्थाको जानकारी पनि अवगत गराउनु भएको थियो ।

---

## *सिसम२ को मद्यावधि समीक्षा (SISM2-MTR): एक जानकारी !*

गत माघको २४ देखि फागुनको १४ सम्म सिसम२ परियोजना तर्जुमा म्याट्रिक्स (Project Design Matrix) अनुसार नेपाल सरकार तथा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (Japan International Cooperation Agency, JICA) जाईकाले, परियोजनाको प्रगति र उपलब्धिका संयुक्त मद्यावधि समीक्षा (Mid Term Review, MTR) गरेको थियो । यस मद्यावधि समीक्षा टोलीमा शिक्षा मन्त्रालयका उपसचिवहरू श्री दिपक शर्मा र श्री कृष्णप्रसाद ढुङ्गाना, JICA का श्री सिनिचिरो तानाका र श्री ज ज आङ र JICA का परामर्शदाता श्री तोशिको शिमादा रहेका थिए । यस समीक्षाको लागि आवश्यक तथ्याङ्क र सूचनाहरू यस परियोजनाले तयार गरिएका प्रतिवेदन र तालिम सहयोगी पुस्तिकाहरूबाट सङ्कलन गरिएको थियो भने जिल्ला शिक्षा कार्यालय चितवन र तनहुँको भ्रमण गरी निश्चित प्रश्नावलीको सहयोगमा सम्पर्क व्यक्ति, संघसंस्था र अन्य सरोकारवालाहरूसँग अन्तरवार्ता लिई व्यापक छलफल र अन्तरकिया गरेको थियो । यिनै छलफल र सङ्कलित तथ्याङ्क, सूचनाहरूलाई परियोजनाको औचित्य, प्रभावकारिता, दक्षता, असर र दिगोपन वा निरन्तरताको आधारमा विश्लेषण गरी सिसम२ परियोजनाको मूल्याङ्कन गरिएका थिए । यसका अलावा समीक्षा टोलीले परियोजनाको बाँकी अवधिमा कार्यकमहरूको सञ्चालनमा तपसिलमा उल्लिखित सुझावहरू पनि दिएको छ ।

१) परियोजना तर्जुमा म्याट्रिक्स (PDM Version -1) को परिमार्जन ।
२) परियोजना पश्चात परियोजनाद्वारा सञ्चालित मुख्य कार्यहरूको निरन्तरताको लागि आवश्यक संयन्त्रको व्यवस्था ।
३) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ पदाधिकारीहरूको तालिम/अभिमुखीकरणको लागि बजेटको सुनिश्चितता ।
४) थप सहयोग आवश्यक पर्ने विद्यालय र विव्यसहरू (Schools and SMCs that needs more support)को पहिचान तथा उनीहरूलाई व्यवहारिक विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनका लागि आवश्यक सहयोगका ठोस उपायहरू ।
५) सिसम२ परियोजनाद्वारा परियोजनाको पहिलो वर्षमा तयार पारिएको दस्तावेज “सिसम२को सिफारिसहरू: विद्यालयमा आधारित विद्यालय व्यवस्थापन सुदृढीकरणका लागि क्षमता विकास कार्यक्रम”को परिमार्जन ।

शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रहरूसँगको सहकार्यमा उपरोक्त सुझावहरूलाई कार्यान्वयन गरिने छ ।


सिसम-२ परियोजना, शिक्षा विभाग, सानोठिमी, भक्तपुर
इमेल:info@sism.org.np | फोन.:+९७७-१-६६३८३८१ | पत्राचार ठेगाना:C/O JICA |पोष्ट बक्स नं.४५०, काठमाडौं, नेपाल